जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ९२ २०८० साल कात्तिक २१ गते मंगलबार (7 Nov. 2023 Tuesday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : भूकम्पपीडितलाई २५ लाख सहयोग. ३ पृष्ठमा : विश्वकपमा पराजित भएपछि... ४ पृष्ठमा : संघीयता खारेज गर्न एउटा..

## लागु औषध प्रकरण

# लागु औषध मुद्दामा स्वास्थ्य सहसंयोजकसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**

३८ दिन अघि लागु औषधसहित पक्राउ परेका सप्तरीको बोदेबरसाईन नगरपालिकाका स्वास्थ्य संयोजक राजनारायण ठाकुरलाई पक्राउ गरेसँगै प्रहरीले थालेको अनुसन्धानका क्रममा सोही कार्यमा संलग्न रहेको आरोपमा स्वास्थ्य सहसंयोजकसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बोदेबर्साइन नगरपालिकाका स्वास्थ्य शाखा सहसंयोजक ४५ वर्षिय बैजनाथ साह र बोदेबर्साइन नगरपालिका ५ का ३५ वर्षिय मो.जमामुद्दिन इराकी छन् ।

बोदेबर्साइन नगरपालिका ५ निवासी स्वास्थ्य शाखाका सहसंयोजक साह र सोही वडा निवासी इराकी समेतको लागु औषधको उक्त घटनामा संलग्नता रहेको खुलेको प्रहरीको भनाई छ ।

यसअघि गत असोज १२ गते बोदेबर्साइन नगरपालिकाको स्वास्थ्य शाखा संयोजक राजनारायण ठाकुरलाई प्रहरीले प्रतिबन्धित लागु औषध सहित पक्राउ गरेको थियो ।

स्वास्थ्य शाखा संयोजक ठाकुर चढेको लु.५५प.५४३९ नम्बरको मोटरसाईकलबाट स्थानिय शत्रुघन चौकमा चेकजाँचको क्रममा प्रहरीले प्रतिबन्धित लागु औषध नाइट्राभेट ट्याबलेट २७ र एस्पासमो ट्याबलेट १५ वटा बरामद गरेको थियो ।

प्रहरीले सप्तरी जिल्ला अदालतबाट लागु औषध मुदामा म्याद थप गराइ ठाकुरलाई हिरासतमा राखेर थप अनुसन्धान गर्दै जादा बोदेबर्साइन नगरपालिकाका स्वास्थ्य शाखाका सहसंयोजक साह र अर्का स्थानीयवासी इराकीको समेत संलग्नता देखिएपछि दुबै जनालाई पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

पक्राउ परेका दुबै

*बाँकी अन्तिम पृष्ठमा*

# यातायात कार्यालयमा बैंकको एक्स्टेन्सन काउन्टर



**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**

यहाँस्थित यातायात व्यवस्था सेवा कार्यालयमा सोमबारदेखी कुमारी बैंक राजविराज शाखाले एक्स्टेन्सन काउन्टर संचालनमा ल्याएको छ ।

यातायात व्यवस्था कार्यालयका निमित्त प्रमुख शशि यादव र कुमारी बैंक मधेश प्रदेशका प्रमुख समिर आचार्यले संयुक्त रुपमा रिबन काटेर सो काउन्टर संचालनको शुभारम्भ गरेका हुन् ।

कार्यालयका निमित्त प्रमुख यादवले कार्यालयबाट प्रदान गरिने सबै सेवाहरु वापत लाग्ने राजश्व अब कुमारी बैंकको एक्स्टेन्सन काउन्टरबाटै हुने जानकारी दिदै भने "अबदेखी सबै खाले राजश्व वापतको रकम नगद नभई बैंक मार्फत नै भुक्तानी हुनेछ ।" उनले पटके सेवा वापतको राजश्व भने नगद नै लिइने जानकारी दिए ।

उनले सवारीसाधनहरुको नवीकरण वापतको राजश्व, सवारी अनुमति पत्रको नविकरण वापत लगायतको राजश्व कार्यालयमा नगद बुझाउनु पर्ने बाध्यता हटेको तथा सेवाग्राहीले बैंक मार्फत कारोबार गर्दा पारदर्शी तथा सेवाग्राहीलाई पनि सहज हुने जिकिर गरे ।

सोही क्रममा निमित्त

*बाँकी अन्तिम पृष्ठमा*

**मंगलमय शुभकामना**

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

**CTEVT बाट मान्यता प्राप्त**
**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
**H.A.** (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए.
१८ महिने
**P-JTA** बाली विज्ञान
१८ महिने

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

फारम भर्ने अन्तिम मिति : २०८०/७/२० गते सम्म
प्रवेश परिक्षा मिति : २०८०/७/२२ गते

सीमित सिट मात्र खाली रहेकोले
**आजै सम्पर्क गर्नुहोस्**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८१७९६७२९७, ९८०४७१२७०५

## सम्पादकीय ....

### अस्तित्व स्वीकार्नै पर्छ

मानव सभ्यता जति पुरानो हुँदै गएको छ, मानवहरु व्यक्ति नै असभ्य र संस्कारहीन हुँदै गएका प्रमाणहरुका बारेमा बारम्बार मीडियाले प्रकाशन र प्रसारण गर्दै आइरहेका छन् । महिला हिंसाका घटनाहरु हाम्रा सभ्य भनाउँदो समाजमा बढ्दै गएका छ । शारीरिक-मानसिक यातना दिने क्रम बढ्दो छ । हिंसा र यातनाको स्वरुप वा तात्कालिक कारणहरु फरक-फरक देखिए पनि ति सबै घटनाहरु लैङ्गिकताका आधारमा महिला भएकै कारण भइरहेकोमा दुई मत हुन सक्दैन ।

दाइजो नल्याउनु वा माग बमोजिम दाइजो नल्याउनु, छोरी जन्माउनु, शारीरिक रुपमा सुन्दर नदेखिनु, अपाङ्ग-अशसक्त हुनु, एकल हुनु-यी र यस्ता अनेकौं बहानामा महिलाहरुको शारीरिक, मानसिक र सामाजिक शोषण गरिँदै आइएको छ । बोक्सीका नाममा समेत महिलालाई मलमुत्र खुवाई अमानवीय यातना दिने घटनाहरु प्रायः देख्न पाइन्छ । नाबालिकासँगको यौन दुर्व्यवहार र शोषणले समेत प्रश्रय पाउँदै गएका छन् । यस्ता घटना पढ्दा वा सुन्दा हाम्रो सभ्य भनाउँदो समाजमा महिलाको अवस्था कस्तो छ भन्ने बारेमा झझल्को अवश्य पाइन्छ । महिला र पुरुष यस समाजका दुई जातिहरु एक अर्काको सह-अस्तित्वलाई स्वीकार र सम्मान गर्न सक्दैनन् भने मानव अस्तित्व नै संकटमा पर्न सक्दछ ।

महिला र पुरुष एक अर्काका पूरक हुन्, एक अर्काका अनन्य सहयोगी, सहयात्री र सहकर्मी हुन् । सहकर्मीले एक-अर्काको सह-अस्तित्व, महत्व र गरिमालाई स्वीकार्नै पर्छ, अन्यथा ईश्वरले धारण गरेको अर्धनारीश्वर स्वरुपको कुनै अर्थ नै रहँदैन ।

# भूकम्पपीडितलाई २५ लाख सहयोग गर्ने एकीकृत समाजवादीको निर्णय

काठमाडौं, २० कात्तिक (रासस) ।

नेकपा (एकीकृत समाजवादी) पार्टीले जाजरकोट र रुकुमपश्चिमका भूकम्पपीडितको उद्धार तथा राहतका लागि सरकारको राहत कोषमा रू २५ लाख सहयोग गर्ने निर्णय गरेको छ ।

केन्द्रीय कार्यालय आलोकनगरमा सोमबार बसेको सचिवालयको बैठकले पार्टीका नेता तथा कार्यकर्ताबाट रकम सङ्कलन गरेर भूकम्पपीडितलाई सहयोग गर्ने पार्टीका प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रीय तथा प्रदेश सरकारका मन्त्री, सांसद, जनप्रतिनिधि एवं राजनीतिक नियुक्ति भएका व्यक्तिबाट १५ दिन बराबरको पारिश्रमिक पार्टीको राहत उपचार कोषमा जम्मा गर्नुपर्ने छ ।

भूकम्म प्रभावित क्षेत्रको राहत र उद्धार कार्य व्यवस्थापन, आवश्यक सहयोग तथा अनुगमन गर्नका लागि पार्टीका उपमहासचिव प्रकाश ज्वाला संयोजक रहने गरी एक कार्यदल गठन गरेको छ । कार्यदलमा सांसद अमरबहादुर थापा, नन्दा चपाँई र धनबहादुर बुढा, प्रदेश सांसद कल्याणी खड्कालगायत रुकुमपश्चिम र जाजरकोट जिल्लाका पार्टी अध्यक्षसहितको टोली रहने प्रवक्ता खतिवडाले जानकारी दिनुभयो ।

पार्टी महाधिवेशन आगामी माघमा गर्ने टुङ्गोमा पुगेको प्रवक्ता खतिवडाले बताउनुभयो । उहाँले यसको तयारीबारे छलफल नभए पनि अधिवेशन काठमाडौँमा गर्ने निर्णय भएको बताउनुभयो ।

पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहितको १५ जनाको टोली मङ्गलबार चीन भ्रमणमा जाने जनाउँदै प्रवक्ता खतिवडाले उक्त भ्रमणले दुई देशको कम्युनिष्ट पार्टीबीच घनिष्ठ सम्बन्ध विकास गर्ने विश्वास व्यक्त गर्नुभयो ।

सोमबारको बैठकमा मेचीदेखि महाकाली हुँदै सुर्खेतसम्म १५ दिने 'समाजवादी जागरण यात्रा'बारे समीक्षा भएको छ । रोजगारी, सुशासन र समृद्धिका लागि राजनीतिक दलकोतर्फबाट पहिलो पटक एक हजार दुई सय किलोमिटर लामो यात्रा सफलतापूर्वक सम्पन्न गरेको बैठकले निष्कर्ष निकालेको छ ।

# राजश्व हिनामिना गरेको अभियोगमा मुद्दा दायर

काठमाडौं, २० कात्तिक (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजश्व दुरुपयोग गरेको अभियोगमा मालपोत कार्यालय पर्साका अधिकृत हरिनारायण मिश्रसमेत १० जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । मालपोत कार्यालय पर्साको रजिष्ट्रेशन फाँटमा कार्यरत कर्मचारीको मिलेमतोमा जग्गा किनबेचका क्रममा विभिन्न लिखतबाट उठेको राजश्व नियमानुसार दाखिला नगरी हिनामिना गरेको अनुसन्धानबाट खुलेको आयोगको भनाइ छ ।

आयोगले मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रविरुद्ध रु दुई करोड नौ लाख ३१ हजार छ सय ४७ बिगो दावी गरेको छ । यस्तै, मालपोत अधिकृत भूपबहादुर बोगटीविरुद्ध रु एक करोड ४९ लाख ६९ हजार एक सय ४५, मालपोत अधिकृत गोपालबहादुर ढुंगाना विरुद्ध रु ३५ लाख ४५ हजार नौ सय ५०, मालपोत अधिकृत पर्साका तत्कालीन अधिकृत पदमप्रसाद अर्याल विरुद्ध रु १६ लाख ८१ हजार छ सय बराबरको बिगो र कैदको माग दाबी गरेको छ ।

यस्तै, मालपोत अधिकृत चन्द्रबहादुर भण्डारीविरुद्ध रु दुई लाख ४४ हजार चार सय ६२, तत्कालीन कम्प्युटर अधिकृत कमोद तिवारीविरुद्ध रु एक करोड ४१ लाख ४७ एक सय ७१, तत्कालीन नायब सुब्बा किरणप्रसाद उपाध्यायविरुद्ध रु पाँच करोड ५५ लाख १९ हजार नौ सय ७५ बराबरको बिगो र कैद दावी गरिएको आयोगले जनाएको छ । आरोपी सबैलाई कारवाहीको माग गर्दै सोमबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिनुभयो ।

# बन्दुकको आडमा लुटपाट

महोत्तरी, २० कात्तिक (रासस) ।

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-८ रतवारा गाउँमा गएराति एक घरमा डाकाहरुको समूहले बन्दुको आडमा ५० लाख बढीको लुटपाट गरेका छन् ।

जयकिशोर चौधरीको घरमा गएराति १:३० बजे पेस्तोल, खुकुरी, रड र अन्य हतियारसहित प्रवेश गरेका नकाबधारी पाँच डाकाको समूहले परिवारका सबै सदस्यलाई नियन्त्रणमा लिएर लाखौंको लुटपाट गरेका जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक प्रकाश मल्लले जानकारी दिनुभयो ।

डाकाहरुले घरधनी ५० वर्षीय जयकिशोर चौधरी, ४८ वर्षीय उनकी पत्नी सीमा, ६७ वर्षीय बुवा भुवनेश्वर र ६५ वर्षीया आमा शैलदेवी चौधरीमाथि पेस्तोल देखाउँदै नियन्त्रणमा लिएर सबैलाई भान्सा कोठामा बन्द गरेका उहाँले बताउनुभयो । मल्लका अनुसार बाँकी कोठाभित्र रहेका दराज, बक्सालगायत तोडफोड गरी लाखौंको सुन, चाँदी र नगद लुटपाट गरेका छन् ।

घरको पछाडिबाट घरभित्र छिरेका उनीहरुले भित्र छिर्ने वित्तिकै चारै जनामाथि धारिलो हतियार प्रहार गर्दै टाउको फुटाउनुका साथै हात, मुक्का र लात्तीले पटक-पटक हान्दै १:३० देखि करिब २ बजेसम्म लुटपाट गरेका पीडित परिवारले जनाएका छन् ।

डाकाको प्रहारबाट घाइते भएका सबैको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको प्रहरी उपरीक्षक मल्लले जानकारी दिनुभयो ।

डाकाहरुले चौधरीको घरबाट रू एक लाख नगद, ४० तोला बढी सुनका गरगहना, अढाई किलो चाँदीका गरगहना, एक लाख ७५ हजार मूल्य बराबारको मोबाइल फोन मोबाइल १ थान गरी ५० लाख बढी लुटपाट गरेका पीडित चौधरीले जानकारी दिनुभयो ।

अस्पतालमा उपचाररत चौधरीका बुवा भुवनेश्वरको टाउकोमा आठवटा टाँका लगाइएको छ भने अन्यको पनि टाउकोमा चोट लागेको प्रहरी उपरीक्षक मल्लले बताउनुभयो । घटनाबारे प्रहरीलाई बिहान मात्रै जानकारी भएको बताउँदै उहाँले पीडित परिवारलाई भेटेर सोधपुछ गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । थप अनुसन्धानका लागि विशेष प्रहरी परिचालन गरिने उहाँको भनाइ थियो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# Shambhunath Municipality

**Office of Municipal Executive**
**Kathauna, Saptari**
**Madhesh Provence Nepal**
Invitation for Sealed Quotation
First Date of Publication: 2080/07/21

**Contract Identification No: 02/Shmun/SQ/2080/081**

1. **Shambhunath Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction of Saptari Jillako Shambhunath Na. Pa. 03 Shambhunath Mandirko Jirnoduwar Tatha Bhokardaha Pokhari Saundariykaran. under Sealed Quotation Bidding procedures. The estimated amount for the works is **Nrs. 1682364.88 *exclusive of PS and VAT.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shambhunath Municipality, Kathauna, Saptari** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically by downloading the bidding documents for e- submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically should deposit the cost of Bidding in the following Revenue account as specified bellow. Information to deposit the cost of bidding document in Bank:

   Account Name: Shambhunath Municipality, Kathauna, Saptari
   Bank Name: Rastriya Banijya Bank, Kathauna, Saptari Office Revenue Account no.2320100301010008: (for Purchasing bid)
   Cost of bidding document : NRs. 1000.00
4. Electronic bids must be submitted through PPMO's e-GP System www.Bolpatra.gov.np/egp on or before 12:00 PM of 2080/08/05. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/08/05, 1 PM at office of ***Shambhunath Municipal Executive Kathauna, Saptari Nepal.*** Bids must be valid for a period of **45 days from the date of bid opening and must be accompanied** by scanned copy of the bid security in .pdf format of e-bid, amounting to a minimum of **Nrs. 50,000.00 (Fifty Thousand Rupees Only)** which shall be valid for 30 days beyond the validity period of the bid.

   Information to deposit the cost of the bid security amount in Bank:
   Account Name: Shambhunath Municipality, Kathauna, Saptari
   Bank Name: Rastriya Banijya Bank, Kathauna, Saptari Office
   Account no.: 2320100303000008 (for bid security)
6. If the last date of purchases or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Shambhunath Municipality reserve the right to accept or reject, wholly, partly any or all bid documents without assigning any reasons, Whatsoever. In case of discrepancies or error in bid notice or any other documents Municipal reserve the right to amend or correct any time.
8. Interested bidders may be obtain further information from the procurement of e-bid during office hours 9852843111, 9816897030, 9842879468, 9801517537

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० बर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. बिवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो बिवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालबिवाह, बालअधिकार, महिलाअधिकार, मानबअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालबिवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# विश्व समाचार

## विश्वकपमा पराजित भएपछि श्रीलङ्का क्रिकेट बोर्ड बर्खास्त

कोलम्बो, २० कात्तिक (रासस/एएफपी) ।

विश्वकपमा भारतसँगको शर्मनाक हारको केही दिनपछि श्रीलङ्काका खेलमन्त्री रोशन रणसिङ्घेले सोमबार राष्ट्रिय क्रिकेट बोर्डलाई बर्खास्त गर्नुभएको छ । व्यापक भ्रष्टाचारको आरोपमा महिनौंदेखि आर्थिक सङ्कटमा परेको मुलुकको सबैभन्दा धनी खेल संस्था श्रीलङ्का क्रिकेट बोर्ड र मन्त्रीबीच बिवाद कायम छ ।

श्रीलङ्काको सन् १९९६ विश्वकप विजेता कप्तान ५९ वर्षीय अर्जुना रणतुङ्गालाई नयाँ अन्तरिम बोर्डको अध्यक्षमा नियुक्त गरिएको खेलमन्त्रीको कार्यालयले जनाएको छ ।

कोलम्बोमा मन्त्री रणसिङ्घले भन्नुभयो, "पूर्वकप्तान रणतुङ्गा क्रिकेटलाई पुनरजीबन दिन सबैभन्दा उपयुक्त व्यक्ति हुनुहुन्थ्यो, टिमलाई राम्रो प्रदर्शन गराउनु प्राथमिकता हो ।" उहाँले भ्रष्टाचारको अनुसन्धानमा सहयोगका लागि सात सदस्यी प्यानलमा तीन जना न्यायाधीशलाई समावेश गरिएको जानकारी दिनुभयो ।

रणतुङ्गाले क्रिकेट पुनरनिर्माणको चुनौती स्वीकार गरेको बताउनुभयो । "श्रीलङ्का क्रिकेटलाई देशको सबैभन्दा भ्रष्ट संस्थाका रूपमा चिनिन थालेको छ, म त्यो छवि परिवर्तन गर्न चाहन्छु", उहाँले भन्नुभयो ।

बोर्डका सचिव एवं दोस्रो सबैभन्दा ठूला अधिकारी मोहन डि सिल्भाले पदबाट राजीनामा दिएको एक दिनपछि बोर्डलाई बर्खास्त गरिएको हो ।

गत साता विश्वकपमाआयोजक भारतसँग श्रीलङ्काको तीन सय दुई रनको हारपछि मन्त्री रणसिङ्घेले सार्वजनिकरूपमा सम्पूर्ण बोर्डको राजीनामा माग्नुभएका थियो । मुम्बईमा भारतको तीन सय ५८ रनको स्कोरलाई पछ्याउँदा श्रीलङ्का एक समयमा १४-६ को स्थितिमा थियो र ५५ रनमा अलआउट भयो । यो विश्व कपको इतिहासमा चौथो सबैभन्दा कम स्कोर हो ।

उक्त हारपछि सार्वजनिक आक्रोश बढ्यो र शनिबार आक्रोशित बिरोध प्रदर्शन भएपछि कोलम्बोमा बोर्डको कार्यालयबाहिर प्रहरी परिचालन गरिएको थियो ।

मन्त्री रणसिङ्घेले श्रीलङ्का क्रिकेट अधिकारीहरूलाई पदमा बसिरहने कुनै नैतिक अधिकार नभएको बताउनुभयो । उहाँले बोर्डमाथि 'देशद्रोही र भ्रष्ट' भएको आरोप लगाउँदै भन्नुभयो, "तिनीहरूले स्वेच्छिक राजीनामा दिनुपर्छ ।"

श्रीलङ्काले सोमबार बङ्गलादेशसँग खेल्दैछ । विश्वकपको अन्तिम चारमा आफ्नो स्थान बनाउन उसलाई गणितीय चमत्कारको आवश्यकता छ ।

## भारतमा बस दुर्घटनामा चारको मृत्यु

नयाँदिल्ली, २० कात्तिक (रासस/सिह्न्वा) ।

भारतको उत्तर-पश्चिमी राज्य राजस्थानमा सोमबार यात्रुवाहक बस पुलबाट खस्दा कम्तीमा चार जनाको मृत्यु हुनुका साथै अन्य बीसजना भन्दा बढी घाइते भएको स्थानीय अधिकारीले बताएका छन् ।

अधिकारीका अनुसार दुर्घटना राजस्थानको दौसा जिल्लामा भएको हो ।दुर्घकस्टनाग्रस्त निजी बस उत्तर प्रदेश राज्यको हरिद्वार क्षेत्रबाट राजस्थानको राजधानी जयपुरतर्फ जाँदै गर्दा चालकले नियन्त्रण गुमाएर पुलबाट रेल ट्र्याकमा खसेको अधिकारीहरूले बताएका छन् ।

अधिकारीका अनुसार २० भन्दा बढी घाइतेलाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको थियो । तीमध्ये गम्भीर पाँच जनालाई जयपुरस्थित सरकारी अस्पतालमा सिफारिस गरिएको छ ।

दुर्घटनाका कारण जयपुर-दिल्ली सञ्चालित रेलको आवागमनमा नराम्रो असर परेको भारतीय रेल्वेका एक अधिकारीले बताउनु भएको छ ।

## प्रदूषण बढेपछि नयाँदिल्लीमा सवारी साधनमाथि रोक लगाइने

नयाँदिल्ली, २० कात्तिक (रासस/एएफपी) ।

विषाक्त धुवाँबाट राजधानीवासीलाई केही राहत दिन नयाँदिल्लीमा एक साताका लागि निजी सवारी साधनको प्रयोगमाथि रोक लगाइने अधिकारीहरूले सोमबार घोषणा गरेका छन् ।

तीन करोड जनसङ्ख्या रहेको दिल्लीलाई प्रत्येक वर्ष हिउँदयामको सुरुमा विषाक्त धुवाँले ढाक्दछ । छिमेकी कृषि प्रधान राज्यहरूमा किसानले पराल जलाएका कारण दिल्लीलाई धुवाँले ढाकेको हो ।

नयाँदिल्लीलाई संसारको सबैभन्दा धेरै प्रदूषित सहरमध्ये एक मानिन्छ । यहाँको बार्षिक धुवाँ प्रत्येक वर्ष सयौं/हजारौं मानिसको अकाल मृत्युको कारण बन्ने गर्छ ।

अहिलेसम्म सरकारको नेतृत्वमा गरिएका प्रयासले बायु गुणस्तरको समस्यालाई सम्बोधन गर्न सकेको छैन । सन् २०१७ को एक अमेरिकी अध्ययनअनुसार भारतमा प्रत्येक वर्ष १० लाख मानिसको अकालमा मृत्यु हुने गरेको छ ।

दिल्लीका पर्याबरणमन्त्री गोपाल रायले सडक-रासन योजना दीपावलीको एक दिनपछि आगामी सोमबार एक साताका लागि ल्याइने जानकारी दिनुभयो ।

योजनाअन्तर्गत जोर र बिजोर नम्बर प्लेट भएका कारहरूलाई एक साताका लागि बैकल्पिक दिनमा यात्रा गर्न अनुमति दिइने छ । मन्त्री रायले भन्नुभयो, "दीपावलीपछि प्रदूषण अझ बढ्न सक्ने भएकाले यस्तो निर्णय लिइएको हो ।" उहाँका अनुसार नोभेम्बर २० पछिको स्थितिको समीक्षा गरिने छ ।

आइक्युएयरका अनुसार सोमबार सबैभन्दा खतरनाक पिएम२.५ कणहरूको स्तर एक सय ८४ माइक्रोग्राम प्रतिघनमिटरसम्म पुगेको छ । विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेकोभन्दा यो करिब १२ गुणा धेरै हो । पिएम२.५ कण रक्त प्रवाहमा प्रवेश गर्नसक्ने अति सानो कण हो ।

दिल्लीमा प्रदूषण बढेको भए पनि बङ्गलादेश र श्रीलङ्का दिउँसो विश्वकप प्रतियोगिताका लागि मैदानमा उत्रिएका छन् ।राजधानीमा सवारी आवागमनमा रोक लगाइएको यो पहिलो पटक होइन । यसअघि सन् २०१६, २०१७ र २०१९ मा यस्तो रोक लगाइएको थियो ।

# संघीयता खारेज गर्न एउटा पक्ष लागिरहेको छ : जसपा अध्यक्ष यादव

बारा, २० कात्तिक (रासस)।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सङ्घीयता र समावेशी खारेज गर्न एउटा पक्ष लागिरहेको आरोप लगाउनुभएको छ। दिपावली तथा छठ पर्वका अवसरमा बाराको तेलकुवा महादेव मन्दिरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सङ्घीयता र समावेशी खारेज भए लोकतन्त्र खतरामा पर्ने बताउनुभयो।

"सङ्घीयता कार्यान्वयन गर्नका लागि पुलिस, कर्मचारी प्रशासन, आर्थिक स्रोत प्रदेशलाई हस्तान्तरण गरोस्, प्रदेशलाई अधिकार सम्पन्न गर्न कानुन बनाइयोस्", अध्यक्ष यादवले भन्नुभयो। यादवले ५३ प्रतिशत जनसङ्ख्या भएको मधेस प्रदेशलाई सङ्घीय सरकारले जम्मा १२ प्रतिशतमात्रै बजेट विनियोजन गरेको भन्दै यहाँको विकास हुन कति वर्ष लाग्ला भनेर सोच्नुपर्ने गम्भीर विषय उब्जेको बताउनुभयो।

"हामीलाई अधिकार, सुशासन, प्रशासन आफ्नो चाहियो, सङ्घीय सरकारले पठाएका प्रशासन हामीलाई चाहिदैन, सङ्घीयताको अर्थ केन्द्रमा साझेदारी, प्रदेशमा आफ्नो शासन, प्रशासन हो, तबमात्र अधिकार सुरक्षित हुन्छ", जसपा अध्यक्ष यादवले भन्नुभयो।

उहाँले जथाभावी चुरे उत्खनन गर्दा त्यसको प्रत्यक्ष असर मधेस प्रदेशमा परेको बताउँदै चुरे क्षेत्रमा दोहन गरेर मधेसलाई मरुभूमि बनाउने कुनै निर्णय भए मधेसका जनतालाई पाच्य नहुने बताउनुभयो।

फरक प्रसङ्गमा अध्यक्ष यादवले वीरगञ्ज चिनी कारखाना, कृषिऔजार कारखाना, विराटनगर जुटमिल, हेटौँडा कपडा कारखाना, बाँसबारी जुत्ता, हटौँडा सिमेन्ट कारखाना चाँडोभन्दा चाँडो सञ्चालन गर्न सरकारसँग मागसमेत गर्नुभयो।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, जसपाका मधेस प्रदेशका अध्यक्ष रामबाबुकुमार यादव, नेताहरु रामकिशोर यादव, रामबाबु यादव, पारस साह, बच्चा यादव र शारदा शङ्कर जयसवालले शुभकामना व्यक्त गर्नुभएको थियो।

# जाजरकोट भूकम्पका मृतकमध्ये ७८ बालकालिका

सुर्खेत, २० कात्तिक (रासस)।

जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पमा परी मृत्यु भएकामध्ये झण्डै आधा सङ्ख्या बालबालिका रहेको पाइएको छ। प्रहरीले उपलब्ध गराएको तथ्याङ्क अनुसार कात्तिक १७ गते राति गएको भूकम्पबाट मृत्यु भएका एक सय ५७ मध्ये ७८ बालबालिका रहेका छन्।

जाजरकोटमा ५० र रुकुम पश्चिममा २८ जना बालबालिकाको भूकम्पमा परी मृत्यु भएको जाजरकोटका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सन्तोष रोकाले जानकारी दिनुभयो। उहाँका अनुसार दुवै जिल्लामा गरी मृत्यु हुने झण्डै आधा बालबालिका रहेका छन्। जाजरकोटमा मृत्यु भएका एक सय पाँच मध्ये बालक २७ र बालिका २३ जना रहेका रोकाले बताउनुभयो।

रुकुम पश्चिममा भूकम्पमा परी ५२ जनाको मृत्यु भएकामा २८ बालबालिकाले रहेका जिल्ला प्रहरी प्रमुख नमराज भट्टराइले जानकारी दिनुभयो। उहाले भन्नुभयो, "रुकुम पश्चिममा भूकम्पमा मृत्यु भएकामध्ये अधिकांश बालबालिका छन्। दुईजना १० महिनाका बालबालिकाले समेत ज्यान गुमाएका छन्।"

भूकम्पमा परी मृत्यु हुनेमा बालबालिकापछि महिला धेरै रहेका प्रहरीले जनाएको छ। प्रहरीका अनुसार जाजरकोटमा मृत्यु भएका एक सय पाँचमध्ये ५०, ३३ जना महिला र १८ जना पुरुषको मृत्यु भएको जाजरकोटका प्रनाउ रोकाले जानकारी दिनुभयो। रुकुम पश्चिममा १६ महिला र आठ जना पुरुषको मृत्यु भएको छ।

बेला बेलामा हुने यस्ता विपद्मा महिला बालबालिका र ज्येष्ठ नागरिकसँगै अपाङ्गता भएका व्यक्ति धेरै समस्यामा पर्ने गरेका छन्।

# सामाजिक सञ्जालको गलत प्रयोग गरे कारबाही हुने चेतावनी

काठमाडौँ, २० कात्तिक (रासस)।

गृह मन्त्रालयले टिकटकलगायत सामाजिक सञ्जालको मर्यादित रूपमा प्रयोग गर्न सम्बद्ध पक्षसँग आग्रह गरेको छ।

गृह मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गरी सामाजिक सञ्जालमा सम्प्रेषण गरिएका गलत सामग्रीले व्यक्ति र समाजमा नकारात्मक प्रभाव पार्नाका साथै व्यक्तिको चरित्र हत्या हुने, शान्तिसुरक्षाको अवस्थामा प्रभाव पार्ने, जातीय, भाषिक, धार्मिक सद्भाव खल्बल्याउने र राष्ट्रिय एकता तथा राष्ट्रहितमा प्रतिकूल असर पार्ने भएकाले त्यस्ता सामग्री सञ्जालमा नराख्न अनुरोध गरेको हो।

मन्त्रालयले सामाजिक सञ्जालको दुरुपयोग रोक्न तथा दोषीउपर कानुनी कारबाही गर्न र गलत सामग्री सञ्जालबाट स्वतः हट्ने व्यवस्था मिलाउन सिङ्गापुरस्थित टिकटक कार्यालय र नेपाल प्रहरीको साइबर ब्यूरोलगायत सरकारी निकायहरूबीच सहकार्य बढाउने उद्देश्यले गत शुक्रबार गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सुरक्षा निकाय, सरकारी निकाय एवम् टिकटकका अन्तर्राष्ट्रिय प्रतिनिधिबीच भएको छलफल भएको जनाउँदै सामाजिक सद्भाव बिगार्ने, विद्वेष फैलाउने, विशिष्ट व्यक्तिहरूको मानमर्दन गर्ने, जातीय, धार्मिक, सामाजिक सद्भाव बिगार्ने र अश्लील गतिविधि तथा सामग्री हटाउने र त्यस्ता सामग्री सञ्जालमा राख्ने व्यक्ति पत्ता लगाई कानुनी दायरामा ल्याउन सहज हुने भएकाले कानुनी कारवाही गर्ने जनाएको छ।

मन्त्रालयले जिम्मेवार नागरिकका रूपमा कानुनसम्मत् शिक्षामूलक र सामाजिक सद्भाव नबिगार्ने सामग्री मात्र सामाजिक सञ्जालमा राख्न अनुरोध गर्दै गैरकानुनी काम गरेमा कानुनअनुसार कारबाही गर्ने चेतावनी दिएको छ।

### *यातायात कार्यालयमा ...*

प्रमुख यादवले सवारीसाधनहरुको बायोमेट्रिक गरि अनलाईन मार्फत नै राजश्व बुझाउने प्रावधान समेत सुरु भएको जानकारी पनि दिए। उनले एक पटक कार्यालयमा सवारीसाधनको बायोमेट्रिक गरे भने त्यो सधैका लागि अभिलेख रहने र अनलाइन मार्फत नै नविकरण गर्न सकिने उल्लेख गरे।

सोही अवसरमा बैंकका प्रदेश प्रमुख आचार्यले तत्कालका लागि कार्यालयमा एक्स्टेन्सन काउन्टरको संचालन गरिएको जानकारी दिँदै यस काउन्टरबाट यातायात कार्यालयको राजश्व मात्र संकलन गरिने बताए।

सो अवसरमा कार्यालय तथा बैंकका कर्मचारी र संचारकर्मीहरुको उपस्थिति रहेको थियो।

### *लागु औषध ...*

जनालाई हिरासतमा राखिएको तथा मंगलवार सप्तरी जिल्ला अदालतबाट म्याद थपी थप अनुसन्धान अघि बढाइने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


## मंगलमय शुभकामना

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।






**इर्साद अन्सारी**
**युवा नेता**
**नेपाली काँग्रेस**



## नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ।

त्यसैले,

सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*